*प्रस्तावहरु:-*

१) निर्णय कार्यान्वयनको समिक्षा

२) वडालाई खुला दिसामुक्त घोषणा गर्ने सम्वन्धमा

३) सामाजिक सुरक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा

४) नगर प्रमुख लगायत वडाध्यक्षहरुको बैठकको निर्णय अनुमोदन सम्वन्धमा

*निर्णयहरु:*

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा नगरकार्यपालिकाको यस अघी भएका निर्णय कार्यान्वयनको अवस्था बारेमा समिक्षा गर्दा सन्तोषजनकरुपमा निर्णहरु कार्यान्वयन भएको पाइयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल हुँदा यस नगरलाई २०७४ पुस २ गते भित्र खुला दिसा मुक्त गराउने लक्ष्य निर्धारण भइ सकेकोले सम्पूर्ण नगरबासीहरुलाई शौचालय निर्माण तथा प्रयोग गर्नु गराउनु हुन अनुरोध गर्ने साथै शौचालय निर्माण तथा प्रयोग गरेको नपाइएका सम्वन्धित व्याक्तिलाई नगरपालिकावाट दिईने सेवा सुविधाबाट बञ्चित गरिने जानकारी सवै नगरवासीहरुलाई गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल हुँदा यस नगरकार्यपालिकाको कार्यालयले वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्ता लाई थप सहज र ब्यवस्थित बनाउनको लागि मिति २०७४/०८/०६ गतेको नगर स्तरिय सामाजिक सुरक्षा समन्वय समतिबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल हुँदा मिति २०७४/०८/०३ गते नगर प्रमुख लगायत वडाध्यक्षहरुको बैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

*उक्त बैठक वाट भएका निर्णयहरु:*

क) यस नगरलाई तोकिएको समयसिमा भित्र खुला दिसा मुक्त नगर घोषणा गर्न सहयोग गर्ने उद्धेश्यले तपशिल बमोजिम बडाहरुलाई खुला दिसा मुक्त घोषणा गर्ने प्रस्तावित मिति तय गरियो ।

| | |
|---|---|
| वडा नं. १ | मिति २०७४।०८। ०८ गते |
| बडा नं. २ | मिति २०७४/०८/२८ गते |
| वडा नं. ३ | मिति २०७४।०८।२९ गते |
| वडा नं. ४ | मिति २०७४।०८।२७ गते |

| | |
|---|---|
| वडा नं. ५ | मिति २०७४।०९।०१ गते |
| वडा नं. ६ | मिति २०७४।०८।१० गते |
| वडा नं. ७ | मिति २०७४।०८।०९ गते |
| वडा नं. ८ | सम्मपन्न भएको |
| वडा नं. ९ | मिति २०७४।०८।११ गते |

ख) नगर सभाबाट स्वीकृत भएका सम्पूर्ण योजनाहरुको उपभोक्ता समिति गठन वडा कार्यालयको प्रतिनिधिको रोहवरमा मिति २०७४/०८/१५ गते सम्ममा र उपभोक्ता समिति संग योजना संझौता मिति २०७४/०९/१५ गते सम्ममा गरिसक्ने निर्णय गरियो ।

ग) दुई लाख वा सो भन्दा बढी रकम भएको पूर्वाधार निर्माण तर्फको योजनाहरुको दुई प्रतिशत रकम कट्टा गरी एक प्रतिशत वातावरण कोषमा, ०.५ प्रतिशत मर्मत सम्भार कोष र ०.५ प्रतिशत बिपद व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।